JOIN
IELTS
MORNING | DAY | EVENING
CLASSES
APPLY TO STUDY IN
AUSTRALIA & NEW ZEALAND
BEACON
Premier International Education
Siddhartha Chowk Pokhara
PH: 061-528812, 523093
Mobile: 9856031631, 9846124153
E-mail: info@beaconedu.com.np

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५२०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क ४२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७७ फागुन १२ गते बुधबार ❑ 24 Feb. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## संसद पुनर्स्थापना
# १३ दिनभित्र संसद अधिवेशन बोलाउन आदेश

**पोखरापत्र संवाददाता**
**पोखरा, ११ फागुन**

सर्वोच्च अदालतले प्रतिनिधिसभा विघटनविरुद्धको मुद्दामा पुनःस्थापना गर्ने फैसला गरेको छ।

प्रधानन्यायाधीश चोलेन्द्रशम्शेर जबरा तथा न्यायाधीशहरू विश्वम्भरप्रसाद श्रेष्ठ, अनिलकुमार सिन्हा, सपना मल्ल प्रधान र तेजबहादुर केसीको संवैधानिक इजलासले आज प्रतिनिधिसभा पुनःस्थापना गर्ने फैसला सुनाएको हो । मंगलबार साँझ प्रधानन्यायाधीश चोलेन्द्रशमशेर राणाले सुनाएको आदेशमा १३ दिनभित्र संसद अधिवेशन बोलाउन पनि भनिएको छा प्रधानमन्त्री केपी शर्मा ओलीको सिफारिसमा राष्ट्रपति विद्यादेवी भण्डारीले ५ पुसमा प्रतिनिधि सभा विघटन गरेकी थिइन् । ओलीको कदम असंवैधानिक रहेको भन्दै सर्वोच्चमा अलग-अलग १३ वटा रिट निवेदन दर्ता भएको थियो । ती सबै रिटलाई एकसाथ हेर्दै डेढ महिनादेखि संवैधानिक इजलासमा सुनुवाई हुँदै आएको थियो । सर्वोच्च अदालतले प्रतिनिधिसभा विघटन गर्ने प्रधानमन्त्रीको कदम संविधानको आधारभूत मर्म, मूल्य र मान्यता प्रतिकूल रहेको ठहऱ्याएको छ ।




विघटनको निर्णय गर्दा नेपालको संविधानले निर्दिष्ट गरेका निश्चित पूर्वावस्थाको अभाव देखिएको तथा संविधानको आधारभूत मर्म, मूल्य र मान्यता प्रतिकूल भएको हुँदा प्रतिनिधिसभा पुनःस्थापना गर्नुपरेको फैसलामा उल्लेख छ।

फैसलामा भनिएको छ, "राष्ट्रपतिसमक्ष गत पुस ५ गतेको सिफारिस तथा सोबमोजिम राष्ट्रपतिबाट सोही मितिमा भएको प्रतिनिधिसभा विघटनको निर्णय, विज्ञप्तिसमेतकातत्सम्बन्धीसम्पूर्ण कामकारवाहीहरू असंवैधानिक भएकाले प्रारम्भदेखि नै कानूनी प्रभाव शून्य रहने गरी उत्प्रेषणको आदेशले बदर हुने ठहर्छ।"सङ्घीय संसद्को प्रतिनिधिसभाको विघटनका लागि नेपालको संविधानले निर्दिष्ट गरेका निश्चित पूर्वावस्थाको अभाव भएको तथा संविधानको आधारभूत मर्म, मूल्य र मान्यताप्रतिकूल प्रधानमन्त्रीले संविधानको धारा ७६ को उपधारा (१) र (७), धारा ८५ तथा संसदीय प्रणालीको आधारभूत मर्म एवं मूल्यमान्यता तथा आफ्नै र संसदीय प्रणाली भएका विभिन्न मुलुकको अभ्यासबमोजिमभनीगरेकोनिर्णय असंवैधानिक भएको फैसलामा छ । "उपर्युक्तबमोजिम जारी गरिएको आदेशको परिणामस्वरुप सङ्घीय संसद्को प्रतिनिधिसभा उक्त असंवैधानिक विघटनभन्दा पहिलाकै स्थितिमा पुनःस्थापित भई यथास्थितिमै काम गर्न सक्षम र समर्थ रहेको छ", फैसलामा भनिएको छ, "प्रतिनिधिसभाको छैटौं अधिवेशन मिति २०७७।३।१८ मा अन्त्य भएको र संविधानको धारा ९३ को उपधारा (१) बमोजिम अनिवार्य रुपमा ६(छ) महिनाभित्र अर्कोअधिवेशनआह्वानहुनपर्नेमा उपर्युक्तबमोजिम प्रतिनिधिसभा असंवैधानिक विघटन भएको कारणबाट समयावधि व्यतित भए तापनि यस्तो विघटनको परिणामस्वरुप बैठक बस्ने मितिसमेत स्वतः परिवर्तन भएको मानी यो आदेश जारी भएको मितिले १३ दिनभित्र प्रतिनिधिसभाको अधिवेशन बोलाई बैठकको लागि आवश्यक व्यवस्था गर्नू, गराउनू।"

प्रधानन्यायाधीश चोलेन्द्रशम्शेर जबरा तथा न्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ, अनिलकुमार सिन्हा, सपना प्रधा र तेजबहादुर केसीको संवैधानिक इजलासले आज प्रतिनिधिसभा पुनःस्थापना हुने फैसला जारी गरेको हो। गत माघ ४ गते आइतबारदेखि संवैधानिक इजलासमै विषयकेन्द्रित बहस शुरु भई यही फागुन ७ गते सबै पक्षको सुनुवाइ सकिएको थियो । प्रधानमन्त्रीको सिफारिशमा राष्ट्रपतिले गत पुस ५ गते प्रतिनिधिसभा गरी आगामी वैशाख १७ र २७ मा निर्वाचन हुने घोषणासमेत गरिएको थियो।

# अपाङ्गका लागि सहयोगी सामग्री ह्विलचियर वितरण

**पोखरापत्र संवाददाता**
**पोखरा, ११ फागुन**

जन्मजातै तथा बिभिन्न दुर्घटनाका कारण अपाङ्ग भएका व्यक्तिहरुका लागि हिडडुलसंगै जिविकोपार्जनमा सहयोग पुऱ्याउने लक्ष्यका साथ ह्विलचियर वितरण गरिएको छ।

नेपाल अपाङ्ग समाज सेवा संङ्घ केन्द्रिय कार्यालय पोखराद्धारा नेपाल अपाङ्ग पुर्नस्थापना समाज काठमाडौंको सहयोगमा १२ जना अपाङ्गता भएका व्यक्तिलाई निशुल्करुपमा ह्विलचियर वितरण गरिएको हो। गण्डकी प्रदेशका उपसभामुख सिर्जना शर्माले अपाङ्गता भएका व्यक्तिहरुलाई ह्विलचियर वितरण गर्दै संविधानले समावेशी र समानुपातिक प्रतिनिधित्वको सुनिश्चित गरेको बताउँदै उपगोगका लागि आत्मवल बढाएर अघि बढनु पर्ने बताइन। मुलुकका तीनै तहका सहकारमा अपाङ्गता भएका व्यक्तिको प्रतिनिधित्व न्यून रहेको उल्लेख गर्दै उनले शारिरीक अपाङ्गता भएपनि बौद्धिक सपाङ्गताको उच्च मुल्याङ्कन गर्दै उनीहरुलाई अधिकार सहितको अवसर प्रदान गर्नुपर्नेमा जोड दिए।



"राज्यले फरक क्षमता भएका व्यक्तिहरुको अवसरमाका लागि बिभिन्न कायआर्जनका कार्यक्रम सञ्चालन गर्न ठूलो रकमको व्यवस्था गरेको छ" उनले भनिन्, "त्यस्ता कार्यक्रममार्फत सिप,ज्ञान आर्जन गरि उत्पादनसंग जोडिनुपर्दछ ।" नेपाल अपाङ्ग पुर्नस्थापना समाज काठमाण्डौका केन्द्रीय उपाध्यक्ष सुमन भट्टराईले शारिरीक अपाङ्गता भएका व्यक्तिको लागि ह्विलचियर महत्वपूर्ण सहयोगी सामग्री भएको बताउँदै अमेरीकन संस्था लेटरडे साइन्ट च्यारिटिसको सहयोगमा नेपालका बिभिन्न ६२ जिल्लामा २० हजार भन्दा बढी ह्विलचियर निशुल्क वितरण गरेको जानकारी दिए। बढी बल खर्च र चलाउनु पर्ने स्थानीय स्तरमा उत्पादन गरेको ह्विलचियरमा बदामको व्यापार गर्दै आएनु भएको पोखरा ९ शिवटोलका ५६ बर्षीय जीवन गिरीलाई भियतनाममा बनेको सुविधायुक्त तीन पांग्रे तराई साकल हस्तान्तरण गरिएको बताउँदै उनले भन्सार बाहेक ७० हजार मूल्यको सो ह्विलचियर पोखरामा पहिलो पटक भित्रिएको बताए। संस्थाले आजै पोखरामा सात जनालाई सातवटा स्पोर्ट ह्विलचियर वितरण गरेको बताउँदै भट्टराईले भने सामाजिक सेवामा समर्पित संस्थाले गण्डकी प्रदेशमा मात्र एक सय भन्दा बढी सहयोगी सामग्री वितरण गरि सकेको छ।

नेपाल अपाङ्ग समाज सेवा सङ्घ केन्द्रीय अध्यक्ष बुद्धिबहादुर बागदास पन्तका अनुसार ग्रामीण क्षेत्रमा घरको रातोमाटो दलिएर कस्टकर जीवन विताउन बाध्य आठ सय ७० जना अपाङ्गता भएको व्यक्तिलाई ह्विलचियरको सहायताले आँगनसम्म झारेर संसार देखाउन सफल भएको जानकारी दिए । कार्यक्रममा स्थानीय समाजसेवी दामोदर शर्मा, गापि तुलाचन, प्रकास शर्मा, फलफुल तथा तरकारी व्यवसायी संघ कास्कीका अध्यक्ष दुर्गाप्रसाद श्रेष्ठ, सामुदायिक प्रहरी कास्कीका सदस्य प्रेम पहारी, रुपा केसी लगायतले अपाङ्कता भएका व्यक्तिलाई सहयोगी सामग्रीका साथै आयआर्जन गर्ने खालका कार्यक्रम सञ्चालन गर्नुपर्नेमा जोड दिए।

# पर्यटन व्यवसायीको गुनासो सुन्न सरकारलाई आग्रह

**पोखरापत्र संवाददाता**
**पोखरा, ११ फागुन**

पर्यटन व्यवसायीले साहसिक पदयात्रा पर्यटनको क्षेत्रका समस्यालाई सम्बोधन गरेर निकास दिन सरकार समक्ष आग्रह गरेका छन्।

ट्रेकिङ एजेन्सिज एशोसिएशन अफ नेपाल (टान) पश्चिमाञ्चललका अध्यक्ष सुशीलराज पौडेलले मंगलबार विज्ञप्ति जारी गर्दै कोभिड-१९ का कारणे पदयात्रा पर्वतीय पर्यटनसहित समग्र पर्यटन उद्योग नै धराशायी भएको उल्लेख गरे। विज्ञप्तिमा भनिएको छ "कोभिड-१९ ले व्यवसायीलाई परेको समस्यामा बारम्बर सरकारसँग लिखित र मौखिकरूपमा अनुरोध गर्दै आयौं। थला परेको पदयात्रा व्यवसायिलाई पुनर्जीवन प्रदान गरियोस् ।" त्यसैगरी सरकारद्वारा जारी गरिएको तर समयसापेक्ष परिमार्जन नगरिएको प्रवेशज्ञा र स्वास्थ्य मापदण्डले पर्यटकलाई समस्या उत्पन्न भइरहेको तर्फ ध्यानाकर्षण गरिएको छ। समग्र पर्यटन क्षेत्रलाई पुनर्जीवन दिनका लागि पदयात्रा पर्यटन क्षेत्रसँग

बाँकी अन्तिम पृष्ठमा ▶▶

भद्रकाली बहुमुखी क्याम्पस
पोखरा-१३, कुँडहरमा भर्ना खुल्यो ।

न्यून शुल्कमा गुणस्तरीय शिक्षा प्रदान गर्ने प्रतिवद्धतासहित शान्त, मनोरम र पूर्ण शैक्षिक वातावरणमा सञ्चालित यस **भद्रकाली बहुमुखी क्याम्पस** मा शैक्षिक सत्र २०७७/०७८ का लागि स्नातक तह प्रथम वर्षको बिहानी सत्रमा चार वर्षे वि. वि. एस र वि. ए. मा भर्ना खुलेको व्यहोरा सहर्ष जानकारी गराइन्छ।

**हाम्रा विशेषताहरू:**

▶▶ दक्ष तथा अनुभवी प्राध्यापकहरुद्धारा शिक्षण गराइने।
▶▶ समय समयमा visiting faculties हरुद्धारा प्रशिक्षण गराइने।
▶▶ पर्याप्त पाठ्यपुस्तक तथा सन्दर्भ सामग्री सहितको पुस्तकालयको व्यवस्था।
▶▶ दश जोड दुईमा ३.६ GPA भन्दा माथि नतिजा हासिल गर्ने विद्यार्थीहरुलाई शिक्षण शुल्कमा १०० प्रतिशत र ३.२ GPA भन्दा माथि नतिजा हासिल गर्ने विद्यार्थीहरुलाई शिक्षण शुल्कमा ५० प्रतिशत छुटको व्यवस्था।



▶▶ गरिब–जेहन्दार तथा Needy विद्यार्थीहरुलाई पनि छुट्टाछुट्टै छात्रवृत्ति व्यवस्था।
▶▶ कमजोर विद्यार्थीहरुको लागि उपचारात्मक कक्षाहरुको साथै शैक्षिक तथा व्यवहारिक परामर्शको व्यवस्था।
▶▶ पर्याप्त खेलकुद सामाग्री र खेलमैदानको व्यवस्था भएको।
साथै भर्ना आवेदन फाराम क्याम्पसको वेभसाइट www.bhadrakali.edu.np बाट डाउनलोड गरेर समेत भर्न सकिनेछ।

**पुनश्च: कक्षा सञ्चालन २०७७ फागुन २१ गतेदेखि ।**

Estd. 2066
Bhadrakali Multiple Campus
Pokhara

क्याम्पस प्रमुख
भद्रकाली बहुमुखी क्याम्पस
पोखरा-१३, कुँडहर
फोन नं.: ०६१-५२२७९९, ९८४६०५२९५४, ९८५६०३३२६८

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१

# तीनै तहका सरकारबीच समन्वय र सहकार्य आवश्यक : उपसभामुख शर्मा

**पोखरापत्र संवाददाता**
**पोखरा, ११ फागुन**

गण्डकी प्रदेशका उपसभामुख सिर्जना शर्माले सङ्घीयता कार्यान्वयनका लागि तीनै तहका सरकारबीच समन्वय र सहकार्य आवश्यक रहने बताएकी छन्।

नेपाल कानून समाजद्वारा आयोजित सङ्घ, प्रदेश र स्थानीय तहबीचको समन्वय गर्न बनेको ऐनसम्बन्धी प्रतिवेदनमाथिको जुममार्फत भएको छलफल कार्यक्रममा उनले कानून निर्माणसँगै कार्यान्वयनमा जोड दिनुपर्ने बताइन । निर्माण गरिएको कानूनले तीनै तहका सरकारबीच समन्वय र सहकार्य गर्न महत्वपूर्ण भूमिका खेल्ने उल्लेख गर्दै उपसभामुख शर्माले यसबाट मुलुकमा सुशासन कायम गर्दै समृद्धिको अभियानमा समेत सहयोग पुग्ने विश्वास व्यक्त गरिन । नयाँ संविधानले व्यवस्था गरेअनुसार गठित न्यायिक समितिहरुले न्याय निरुपणका क्षेत्रमा महत्वपूर्ण भूमिका खेल्दै आएको बताउँदै उनले कानून निर्माण गर्दा सम्बन्धित सरोकारवालाबीच छलफल गरी कानूनी क्षेत्रका विज्ञहरुको सल्लाह समेतका आधारमा प्रदेशसभाबाट कानून पारित गर्ने गरिएको जानकारी दिइन। गण्डकी प्रदेशका आन्तरिक मामिला तथा कानूनमन्त्री हरिबहादुर चुमानले प्रदेशसभामा विधेयक पेश भएपछि सबै प्रदेशसभा सदस्यलाई एक/एक प्रति उपलब्ध गराउने गरेको र केही कमीकमजोरी देखिए संशोधन प्रस्ताव राखिने गरेको उल्लेख गर्दै सरोकारवालासँगको समेत छलफलबाट कानून निर्माण गर्ने गरेको जानकारी दिए । कानूनले तीनै तहबीचको अन्तरसम्बन्धलाई स्पष्ट पारेको उल्लेख गर्दै उनले यसले सङ्घ, प्रदेश र स्थानीय तहले ध्यान दिएर कानून निर्माण गर्ने बाटो खोलिदिएको बताए।

आन्तरिक मामिला तथा कानून मन्त्रालयका सचिव केदारनाथ शर्माले छलफलबाट उठेका विषयवस्तु कानून आउँदा समावेश गरिएको महत्वपूर्ण पक्ष भएको बताउँदै कार्यान्वयन पक्षलाई प्रभावकारी बनाउनुपर्नेमा जोड दिए । पोखरा महानगरपालिकाका कानून अधिकृत राममणि अधिकारीले महानगरको स्थापनाकालदेखि हालसम्म संविधानअन्तर्गत रहेर २५ ऐन, १६ नियमावली, २८ कार्यविधि र २१ निर्देशिका गरी कूल ९० वटा कानून निर्माण गरिएको जानकारी दिए । तीन तहका सरकारको समन्वयका लागि राज्यले तर्जुमा गरेको ऐन कार्यान्वयनको पक्षमा रहेको उल्लेख गर्दै उनले ऐन पूर्णरूपमा सफल हुन सके मात्र संविधानको मर्म पूरा हुने विश्वास व्यक्त गरे । कार्यक्रममा बन्दीपुर गाउँपालिकाका उपाध्यक्ष करुणा गुरुङले जनताको नजिकको सरकार भनेको स्थानीय तह भएको स्पष्ट पार्दै पालिकाहरुलाई अनिवार्यरूपमा कानून अधिकृतको व्यवस्था हुनैपर्ने आवश्यकता औंल्याइन । व्यास नगरपालिकाका उपप्रमुख मीरा जोशीले एकात्मक राज्य व्यवस्थाबाट सङ्घीयतामा प्रवेश गरेको वर्तमान अवस्थामा व्यापक सहभागिता र छलफलबाट कानून ल्याइएको र त्यही कानूनका आधारमास्थाथानीयतहसञ्चालन हुने गरेको बताइन । माछापुच्छ्रे गाउँपालिकाका उपाध्यक्ष कृष्णकुमारी दबाडीले संविधानतः न्यायिक समितिमा तीन जना तोकिएको तर त्यसलाई सञ्चालन गर्न कर्मचारी व्यवस्थापन कानूनमा नतोकिँदा हरेक स्थानीय तहमा न्याय सम्पादनमा कठिनाइ उत्पन्न भएको धारणा राखिन । नेपाल कानून समाजका अध्यक्ष तीर्थमान शाक्यको अध्यक्षतामा भएको कार्यक्रममा कांग्रेस नेता रमेश लेखक, नेकपाका नेता खिमलाल देवकोटा, नेता खगेन्द्र ओलीलगायतले तीनै तहका सरकारबीच समन्वयकारी भूमिका निर्वाह गर्न कानून कोसेढुङ्गा सावित हुने विश्वास व्यक्त गर्दै यसले विकास निर्माणमा समेत सहयोग पुग्ने विश्वास व्यक्त गरेका थिए।

नागरिक संवाद केन्द्र गण्डकी प्रदेशका अधिवक्ता जुनाकुमारी गुरुङले सङ्घ, प्रदेश र स्थानीय सरकारसँग सहकार्य गरी लोकतान्त्रिक र समावेशी कानून निर्माण गर्न प्राविधिक सहयोग गर्नुका साथै जनप्रतिनिधि र नागरिक समाजबीच संवाद कार्यक्रम निरन्तररूपमा सञ्चालन गर्दै आएको जानकारी दिए। नवनिर्मित कानूनलाई मुलुकका सातवटै प्रदेशमा जुममार्फत छलफल गरिने तयारी भएको भन्दै उनले संविधान निर्माण र कार्यान्वयनका पक्षमा सबैको साथ र सहयोग आवश्यक रहने बताए।

# पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भर्ना

**पोखरापत्र संवाददाता**
**पोखरा, ११ फागुन**

पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा एम.डी/एम.एस (स्नातकोत्तर) को दोश्रो शत्रको लागि हाल भर्ना खुलेको छ । चिकित्सा शिक्षा आयोगले दुई विदेशी सहित २६ जनाको सिट रहेकोमा यस बर्षको भर्ना यही फागुन १६ गतेसम्मको लागि खुल्ला गरेको हो।

चिकित्सा शिक्षा आयोगले भर्ना प्रकृयाबाट सरकारी ११ जनाको सिटमा भर्ना प्रकृया पुरा गरेको छ भने अन्य खुल्लाको भर्ना प्रकृया आयोगले आव्हान गरेको प्रतिष्ठानका उपकुलपति प्रा.डा.बुद्धि बहादुर थापाले बताए। ७ वटा विधामा अध्ययन हुने भएको पां.डा.थापाले बताए । उनका अनुसार एनएसथेसियोलोजीमा ३, नजरल सर्जरीमा ५, जनरल मेडिसिनमा ४, महिला तथा प्रसुति विभागमा ६, हाडजोर्नीमा ४, बालरोगमा ३, रेडियोलोजीसमा १ जनाको मात्र कोटा हुने गरेको छ। यस अघि ६ वटा विभागबाट पहिलो व्याचमा १२ जना खुल्ला तर्फ र ५ जना सरकारी तर्फका १७ जना बिद्यार्थीहरु हाल अध्ययनरत छन् । आउदो चैत २ गते देखि अध्ययन समेत सुरु हुने भएको छ। नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयलबाट प्रतिष्ठानमा एमबीबीएस र नर्सङि तर्फ बीएन, बीएससी, एमएन कक्षा संचालनको समेत अनुमति प्राप्त गरेको छ।

प्रतिष्ठानको चौथो सिनेट बैठकले उक्त संचालनको अनुमति प्राप्त गरेको हो । उक्त बैठक प्रधानमन्त्रीको अध्यक्षतामा बसेको थियो । गण्डकी प्रदेशमा सरकारी तहको चिकित्सा शिक्षाको अध्ययन गर्ने प्रतिष्ठान मात्र रहेको प्रा.डा. थापाको दाबी छ । दुई विदेशी बाहेक अन्यको निशुल्क अध्ययन हुने भएको हो।

# पोखरामा 'देशना चन्द स्मृति भेट्रान्स फुटबल' सुरु

**पोखरापत्र संवाददाता**
**पोखरा, ११ फागुन**



पोखरा महागरपालिका १ पुरानो टुडिखेलमा 'देशना चन्द स्मृति दोस्रो भेट्रान्स सेभेन ए साईड नयाँगल्ली कप २०७७' सुरु भएको छ।

पोखरा महानगरपालिका १ बगरमा क्रियाशिल नयाँगल्ली युवा क्लबको आयोजनामा आगामी १६ गते सम्पन्न हुने गरी मंगलबारदेखि भेट्रान्स (३५ वर्ष माथी) फुटबल प्रतियोगिता सुरु भएको हो।

कुल १८ टिमको सहभागिता रहेको प्रतियोगिताको उद्घाटन खेलबाट ईन्द्रेणी एकिकृट विकास केन्द्रले १-० गोल अन्तरले ढिकुरपोखरी युवा सञ्जाललाई पराजित गर्दै आयोजक टिमले विजयी सुरुवात गर्यो। त्यस्तै दोस्रो खेलमा रत्नसमाज कस्केरीलाई ब्रदर वुडले ३-१ गोलको अन्तरले सहज जित निकाल्यो। एनएमए गण्डकी शाखा र बिटी एफसी बिच भएको खेल ३-३ को बराबरी भएपछि ट्राईबेकरमा बिटीले ४-३ को गोल नतिजा सहित एनएमएलाई पाखा लगागदै क्वाटरफाईनलमा प्रवेश गर्यो। यसैगरी मंगलबारको अन्तिम खेलमा सँगम फुटबल क्लबले लेकसाईड एफसीलाई ३-१ गोल अन्तरले पराजित गर्यो । बुधबार पनि पहिलो चरणकै ६ खेल हुने बताउदै विहान ९ बजे पहिलो खेल हुने प्रतियोगिता संयोजक हिटलर घलेले जानकारी दिए । यसअघि म्याग्दी समाज युकेका युवा अध्यक्ष अनिल मल्लले रेफ्रीलाई बल हस्तान्तरण गरेर प्रतियोगिताको उद्घाटन गरेका थिए । सो प्रतियोगिताको विजेता टिमले शिल्ड, मेडल तथा प्रमाणपत्र सहित नगद ७० हजार प्राप्त गर्ने बताए। त्यस्तै उपविजेता टिमलाई शिल्ड, मेडल तथा प्रमाणपत्र सहित नगद ४० हजार प्रदान गरिनेछ । भने विधागत तर्फ उत्कृष्ट डिफेण्डर, उत्कृष्ट मिडफिल्डर, सर्बाधिक गोलकर्ता र अनुशासित टिमलाई आकर्षक पुरस्कारको व्यवस्था गरिएको छ।

प्रतियोगिताको सर्वोत्कृट खेलाडी दाम्पत्यलाई पुरस्कार स्वरुप रुपाकोट रिसोर्टको तर्फबाट एकरात आवास तथा खानाको व्यवस्था गरिएको समेत आयोजकले जनाएको छ।

# निशानको म्यागनाइट पोखरामा सार्वजनिक

**पोखरापत्र संवाददाता**
**पोखरा, ११ फागुन**




पोखरामा पनि निशानको नयाँ म्यागनाइट गाडी सार्वजनिक गरिएको छ।

इलाइट मोटर्स प्रा.लि.ले पोखराको उत्तमचोक देखी उक्त गाडी बिक्रि वितरण गर्न सुरु गरेसंगै मंगलबार एक समारोहका बिच उक्त गाडी सार्वजनिक गरेको हो।

पश्चिमाञ्चल अटोमोबाइल्स डिलर्स एसोसिएसनका अध्यक्ष मोहनबाबु खड्काले उत्त गाडीको सार्वजनिक गर्दै सवारी साधनहरु अब उपभोक्तामुखि बन्नु पर्नेमा जोड दिए। उक्त सोरुम आफुहरुले आधिकारीक रुपमा लिएसंगै बजारको माग अनुसारको गाडी उपलब्ध गराउन निकै कठिन भएको इलाइट मोटर्स प्रा.लि.का प्रबन्ध निर्देशक गोपाल बराललले बताए। मंगलबार उक्त अवसरमा क्या.खड्क बहादुर गुरुङले ४२ लाख ४९ हजार मुल्यको उक्त गाडी खरिद गरेको उनले जनाए।

विश्व चर्चीत ब्राण्ड भारतमा निर्माण भएको उत्त गाडी २९ लाख ४९ हजार मुल्यमा पोखराको सोरुममा उपलब्ध गराएको उनले जनाए। नयाँ निसान म्याग्नाइटमा २० भन्दा बढी प्रथम श्रेणी र बेष्ट–इन सेगमेन्टका सुविधाहरु रहेको प्रखयात क्रुज कन्ट्रोल र ३ सय ६० डिग्रि भ्यु जस्ता अन्य प्रविधिहरु समेत समावेस गरिएको कम्पनीको दाबी छ।

म्यागनाइटका हरेक मोडलमा नेपाली प्रयोगकर्ताको आकांक्षा पुरा गर्ने उद्देश्यले पुष बटम स्टार्ट, प्रोजेटेड एलइडि हेडल्याम्प, लेदर सिट, १६ इन्चको डाइमण्ड कट एल्लो ह्विल लगायतका विषेशता निशाल म्याग्नेटमा रहेको प्रबन्ध निर्देशक बराललले जनाए। एक्स.ई, एक्स.एल, एक्स. भि.(मोनो), एक्स भि (डियुल टोन), एक्स.भि. परम्यूम (मोनो) र परम्यूम (डियूल टोन) गाडी २९ लाख देखि ४२ लाख मुल्यका गाडीहरु हाल बजारमा उपलब्ध भएका छन्। निशानको गाडी बिक्रिसंगै त्यसको गुणस्तरिय व्यबस्थित सर्भिस सेन्टर समेत स्थापना गरिने भएको प्रबन्ध निर्देशक बराललले दाबी गरे । उक्त गाडीको बैंकिङ पाट्नरको रुपमा नविल बैंक रहेको छ। नविल बैंकले निशानको गाडी खरिदाम ५० देखि ७० प्रतिशतसम्म कर्जा लगानी गर्ने भएको नविल बैंक पोखरा न्यूरोड शाखाका ब्रान्च म्यानेजर सुर्य रोकाले बताए । उनले भने "हामीले व्यक्तिको आयश्रोतको आधारमा ५० प्रतिशतसम्म लगानी गर्न सक्छौं भने कुनै संस्थाको हकमा ७० प्रतिशतसम्म पनि हामीले लगानी गर्न सक्छौं ।" गाडी खरिद गरेको ५ बर्षसम्म बैंकले ७.९९ प्रतिशतमा लगानी गर्ने बिचमा कुनै व्याजदर घट बढ् समेत नहुने ब्रान्च म्यानेजर रोकाले बताए। आफुहरुले विना झनझट सरल ढंगबाट बैंकिङ कारोवार गराउने भएको कम्पनीको दाबी छ । अटोमावाइल्स क्षेत्रबाट नेपाल सरकारलाई सवै भन्दा बढी १ खर्ब १५ अर्बको राजश्व तिर्ने गरेको अध्यक्ष खड्काले बताए । अटोमोवाइलले १६ लाख युवा शक्तिलाई रोजगार सृजना गराएको, ४ लाख बार्षिक गाडि भित्रिदा करिब २५ हजार देखि ५० हजार जनाले थप रोजगार प्राप्त गर्ने खड्काको दाबी छ। नेपाल सरकारले सवारी साधनलाई अत्यावसेक भन्दा पनि विलासिता बस्तुको रुपमा हेर्ने गरेको उनको गुनासो थियो । अटो क्षेत्रलाई चुरोट र विडीको रुपमा हेर्न नहुने अध्यक्ष खड्काले बताए।

# पर्यटन..

आवद्ध व्यवसायी एवं संस्थाको तर्फबाट सुझावसमेत प्रस्तुत गरिएको छ।

सुझावमा ७२ घण्टाको पिसिआर नेगेटिभ रिपोर्ट लिएर आउने विदेशी पर्यटकका हकमा पाँच दिनसम्म अनिवार्य क्वारेन्टिनमा बस्नुपर्ने प्रावधान हटाउनुपर्ने, अनलाइन र अन अराइभल प्रवेशाज्ञा तथा विदेशस्थित नेपाली दूतावास वा नियोगबाट प्रवेशाज्ञाको सहजीकरण व्यवस्था पूर्ववत् रुपले झैं गराउन भनिएको छ।

त्यसैगरी त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा तत्काल रिपोर्ट दिन सकिने कोभिड जाँच मेसिन राख्नुपर्ने वा तोकिएको स्वास्थ्य निकायबाट नमूना सङ्कलन गर्नुपर्ने र अन्तर्राष्ट्रिय हवाई उडान यथाशीघ्र खोल्न पहल गर्नुपर्ने सुझावमा समेटिएको छ।

कोरोना विरुद्धको खोप प्राथमिकताका साथ अग्रपङ्क्तिमा रही काम गर्ने पर्यटन व्यवसायी र पर्यटन श्रमिकलाई उपलब्ध गराउनुपर्ने, नेपाल र चीनबीचको सीमा नाका यथाशीघ्र खोल्न पहल गर्न पनि उल्लेख गरिएको छ।

नेपाल घुम्न आउने पर्यटकले साहसिक पदयात्रामा जाँदा पर्यटक सुरक्षाका कारण कम्पनीबाट अनिवार्य गाइड, तथा पदयात्रा सहयोगी लिएर मात्र नेपाल भ्रमण गर्न गराउन पाउनुपर्ने व्यवस्था लागू गर्न भनिएको छ।

छिमेकी देशको नाकाबाट भित्रिने पर्यटकलाई सहज बनाए अनुगमन गर्न र हाल कायम रहेको पर्यटकले गर्नुपर्ने कम्तीमा पाँच हजार अमेरिकन डलर बराबर तोकिएको अनिवार्य कोरोना बीमा व्यवस्था हटाउन र खोप लगाएका पर्यटकलाई सहज र निर्वाध रूपमा घुम्न दिन आग्रह गरिएको छ।

विज्ञप्तिमा गण्डकी प्रदेश सरकारले जारी गरेको व्यवसायी जीवन रक्षा कोषको उद्देश्यलाई व्यवहारिक रूपमा कार्यान्वयन गर्नका लागि अति प्रभावित पदयात्रा व्यवसायलाई प्राथमकतामा राख्नसमेत जोड दिइएको छ।





कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरूषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्धार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५३९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५३२५०८, ०६१-५२०६५१, ०६१-५३७८५७, E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आम्दानी भन्दा खर्च बढी गरे कुवेर पनि गरीब हुन्छ ।
–चाणक्य

## सम्पादकीय

# विघटन असंवैधानिक

सर्वोच्च अदालतले प्रतिनिधिसभा विघटन गर्ने सरकारको कदम असंवैधानिक भएको ठहर गर्दै पुनःस्थापना गर्ने फैसला गरेको छाएक महिनाको सुनुवाइपछि प्रधानन्यायाधीश चोलेन्द्रशम्शेर जबरा तथा न्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ, अनिलकुमार सिन्हा, सपना मल्ल र तेजबहादुर केसीको संवैधानिक इजलासले प्रतिनिधिसभा पुनःस्थापना गर्ने फैसला सुनाएको छ । अदालतले के गर्ला भन्ने अन्योल हटेको छाप्रधानमन्त्री केपी ओलीलाई नेपालको संविधानले निर्दिष्ट गरेका निश्चित पूर्वावस्थाको अभाव गरिएको विघटन संविधानको आधारभूत मर्म, मूल्य र मान्यता प्रतिकूल भएको ठहराई प्रतिनिधिसभा पुनःस्थापना गरेको छ।

'राष्ट्रपतिसमक्ष गत पुस ५ गतेको सिफारिस तथा सोबमोजिम राष्ट्रपतिबाट सोही मितिमा भएको प्रतिनिधिसभा विघटनको निर्णय, विज्ञप्तिसमेतका तत्सम्बन्धी सम्पूर्ण कामकारबाहीहरु असंवैधानिक भएकोले प्रारम्भदेखि नै कानूनी प्रभाव शून्य रहने गरी उत्प्रेषणको आदेशले बदर हुने ठहर्छ । यो फैसलाले अदालतले न्याय दिन सक्छ भन्ने देखाएको छ। राजनीतिक विषयवस्तु अदालतले हेर्ने हो कि होइन भन्नेमा प्रतिनिधिसभा विघटन गरेकोसम्बन्धी रिट निवेदनमा अदालतबाट न्याय निरुपण भएको हुँदा वर्तमान प्रधानमन्त्री केपी शर्मा ओलीले विघटन गरेको विवाद अदालतबाट न्याय निरुपणयोग्य भई संवैधानिक एवं कानूनी प्रश्नका रुपमा स्वीकार गरिएको र संवैधानिक इजलासको अधिकारक्षेत्रभित्र नै रहेको उल्लेख छ।

फैसलाले परम्परागत संसदीय प्रणाली अपनाएका मुलुकमा पनि संसद् विघटन गर्ने कार्यलाई निरुत्साहन गर्नेतर्फ तथा उत्तरदायी सीमित सरकारको अवधारणालाई केन्द्रित गरिएको छ । 'साविक नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ५३ ९४० को प्रावधानअनुसार विगतमा भएका प्रतिनिधिसभा विघटन गर्नेसम्बन्धी अभ्यासहरुबाट सिकिएका पाठहरुसमेत मनन गर्दै वर्तमान संविधानका निर्माताहरुले प्रतिनिधिसभा विघटनसम्बन्धी व्यवस्थालाई संविधानमा निःशर्त रुपमा खुला छोडेको पाइँदैन', फैसलामा भनिएको छ, 'संविधानमा रहेका सीमा बन्देजअनुसारको कारण आइपरेको अवस्थामा बाहेक संसदीय प्रणालीको आधारभूत मूल्य, मान्यता तथा अभ्यासको आधार ग्रणह गरी अन्य विकल्प हुँदाहुँदै कसैको इच्छा वा आत्मनिष्ठहरुमा देखेको आवश्यकताका आधारमा आवधिक चुनावबाहेकको अवस्थामा जनतालाई समेत आर्थिक दायित्व पर्ने गरी प्रतिनिधिसभा विघटन गरिनु संविधानको मर्म र उद्देश्य नहुँदा त्यस्तो कार्य संविधानसम्मत हुँदैन।

'सरकार बनाउने प्रतिबद्धताका साथ चुनावमा भाग लिई जनप्रतिनिधिको रुपमा चुनिएर जाँदा त्यस्ता जनप्रतिनिधिहरुको दलले संसद्मा बहुमत प्राप्त गरेको अवस्थामा त्यस्तो बहुमतप्राप्त संसदीय दलको नेतासँग सरकार बनाउने र राज्य सञ्चालन गर्नेबाहेक अन्य कुनै पनि संवैधानिक विकल्प नै रहँदैन', फैसलामा भनिएको छ। संविधानमा कुनै तहले प्रयोग गर्ने गरी नतोकिएको विषयमा सङ्घको अधिकार हुने व्यवस्था हुँदा प्रतिनिधिसभा विघटन धारा ५८ को अवशिष्ट अधिकारका सन्दर्भमा प्रयोग हुने व्यवस्था नभएको फैसलामा लेखिएको छ। फैसलामा भनिएको छ, 'प्रतिनिधिसभा विघटनको सिफारिसलाई संवैधानिक रहेको भनी पुष्टि गर्ने संविधानसम्मत आधार नदेखिएको र बहुमत प्राप्त नेताको हैसियतमा रहेको प्रधानमन्त्रीलाई धारा ७६ उपधारा ९७० आकर्षित हुने अवस्था नरहेको हुँदा विघटन गर्न पाउने संवैधानिक अधिकार रहेको पाइएन।' प्रतिनिधिसभा विघटनको सिफारिस दुराशययुक्त छ कि छैन भन्ने विषयलाई आधार बनाइएको छ।

उक्त विषयमा प्रतिनिधिसभा विघटनको निर्णय, विज्ञप्तिसमेतका तत्सम्बन्धी सम्पूर्ण कामकारवाही असंवैधानिक भएकाले प्रारम्भदेखि नै कानूनी प्रभाव शून्य रहने गरी उत्प्रेषणको आदेशले बदर भएको फैसलामा छ । सङ्घीय संसद्को प्रतिनिधिसभाको विघटनका लागि नेपालको संविधानले निर्दिष्ट गरेका निश्चित पूर्वावस्थाको अभावमा तथा संविधानको आधारभूत मर्म, मूल्य र मान्यताप्रतिकूल प्रधानमन्त्रीले संविधानको धारा ७६ को उपधारा ९१० र ९७०, धारा ८५ तथा संसदीय प्रणालीको आधारभूत मर्म एवं मूल्यमान्यता तथा आफ्नै र संसदीय प्रणाली भएका विभिन्न मुलुकको अभ्यासबमोजिम विघटन असंवैधानिक भएको उल्लेख छ। आदेश जारी भएको मितिले १३ दिनभित्र प्रतिनिधिसभाको अधिवेशन बोलाई बैठकको लागि आवश्यक व्यवस्था गर्नू, गराउनू । भनी निर्देशनात्मक आदेश दिएको छाअदालतको फैसलालाई विघटनको विरोधमा रहेका सबैले स्वागत गरेका छन। विघटनको पक्षमा रहेकाले पनि मान्ने प्रतिक्रिया दिएका छन। अदालतको फैसलाको सबैले सम्मान गरेका छन।राजनीतिक स्थिरताको लागि अदालतको फैसलाले सघाउने भन्दा विगतको संसदीय खेल जस्तो हुन्छ कि भन्ने आशंका जन्माएको छ। सर्वोच्चको फैसला पछि प्रधानमन्त्री ओलीलाई राजिनामा दिन नैतिक दबाब परेको छ । राष्ट्रपतिदेखि संवैधानिक नियुक्ति पाएकाहरुको पद धरापमा परेको छाएकल बहुमतको सरकार ढलेर फेरि मिलिजुली सरकार बन्ने र अस्थिरताले देश कमजोर बन्ने हो कि भन्ने आशंका बढाएको छ।

# सर्वसाधारणका लागि कहिले खुल्लान् रत्नमन्दिर र हिमागृह

–जमुनावर्षा शर्मा
पोखरा, ११ फागुन (रासस)

फेवातालको किनारैमा छ, पोखराको राजदरबार । यसलाई रत्नमन्दिर र हिमागृह भनेर चिनिन्छ। राजा महेन्द्रले श्रीमती रत्न राज्यलक्ष्मी शाहको नाममा विसं. २०१३ मा बनाउन शुरू गरिएको रत्नमन्दिर दरबार २०१५ सालमा बनाउन सकिएको थियो।

राजा महेन्द्रका माइला भाइ हिमालय वीर विक्रम शाहले २०३६ मा हिमागृह बनानुभएको थियो । यी दुई दरबार लेकसाइडमा घुम्ने धेरैले नदेखेको हुनुपर्छ। किनकी, फेवातालको बाराहीघाट गएका जो कोहीले पनि नेपाली सेनाको क्याम्प र ड्युटी बसिरहेका सैनिक देख्न सक्छन् । सेनाले सर्वसाधारणलाई भित्र छिर्न दिँदैनन्, सर्वसाधारण भित्र छिर्न पाउने प्रावधान ट्रष्टले बनाइसकेको छैन।

अग्लो पर्खालबीच नेपाली सेनाका जवान ड्युटी बसेको ठाउँबाट रत्नमन्दिर जाने बाटो छ। त्यसभन्दा माथि सडक छ। सडकलाई पर्खाल बनाएर सेना बस्ने ३८ कोठे भवनले छेकिदिएको छ। यो दरबारभित्र छिर्ने अर्को गेट फेवातालमा माछापुच्छ्रेको छाया हेर्न जाने बाटो बसुन्धारा पार्क जाने बाटोमा छ । यहाँ पनि गेटमै नेपाली सेनाले सुरक्षा दिएको छ । त्यसकारण, यो दरबारभित्र जानु त के बाहिरबाट पनि सर्वसाधारणले देख्न पाएका छैनन्।

अहिले पर्यटकलाई विचरण गराउन यो खुला हुनुपर्ने आवाज उठिराखेको छ । पोखरा महानगरपालिका र गण्डकी प्रदेश सरकार आ–आफूले उपयोगमा ल्याउन पाउनुपर्ने अडान राखिरहेका छन्।हुनत् एकवर्षअघिदेखिरत्नमन्दिर सर्वसाधारणका लागि शुल्क लिएर खुला गर्ने तयारी अन्तिम चरणमा भएको भनेर निकै प्रचार गरियो । सर्वसाधरण र पर्यटन व्यवसायीले पनि स्वागतयोग्य कदम भनेर प्रशंसा गरे, तर व्यवहारमा त्यो कार्यान्वयन भएन । पोखराको फेवा किनारमा रहेको रत्नमन्दिर भ्रमण वर्ष २०२० लाई लक्षित गर्दै सर्वसाधारणलाई खुला गर्ने भनेर जिम्मेवार पदमा रहेका व्यक्तिले पटकपटक भन्दै आए। गण्डकी प्रदेशका वन, पर्यटन, उद्योग तथा वातावरणमन्त्री विकास लम्सालले नेपाल ट्रष्टसँग सहमति भएको र भ्रमण वर्ष २०२० मा सर्वसाधारणका लागि खुला गरिने गत वर्ष पुसको १० गते राससँगको कुराकानीमा बताउनुभएको थियो ।

मन्त्री लम्सालले तत्कालीन नेपाल ट्रष्टका सचिव गजेन्द्र ठाकुरसँगको सहमतिसँगै भ्रमण वर्षमै सर्वसाधारणका लागि खुला गर्ने जानकारी दिनुभएको थियो। नेपाल ट्रष्टका तत्कालीन सचिव ठाकुरले पनि भ्रमण वर्ष २०२० लाई नै लक्षित गरेर रत्नमन्दिर खुलाउन तयारी गरिएको जानकारी गराउनुभएको थियो। "राजा वीरेन्द्र र उहाँको परिवारको सम्पत्ति नेपाल ट्रष्टमा आएसँगै सर्वसाधारणको हितका लागि यो सम्पत्तिको उपयोग गर्ने हो। यसैअनुरुप रत्नमन्दिर खुल्छ, सञ्चालनको अधिकार सबै नेपाल ट्रष्ट अन्तर्गतनै हुन्छ", उहाँले गत पुस १० गते नै राससलाई भन्नुभएको थियो। जुन सामाचार 'भ्रमण वर्षमा रत्नमन्दिर खुला गरिने' शीर्षकमा छापिएको थियो । उहाँले स्थानीय र प्रदेश सरकारले आफू मातहतमा हुनुपर्छ भने पनि अहिले दिन मिल्ने अवस्था नरहेको बताउँदै भन्नुभएको थियो। "अहिले नै यसको सम्पत्ति हस्तान्तरण हुँदैन। कानूनले दिएको अधिकार ट्रष्टले उपयोग गर्दै आफै मातहतबाट रत्नमन्दिरको सम्पूर्ण व्यवस्थापकीयदेखि अन्य कार्य सञ्चालन हुन्छ", सो समाचारमा उल्लेख छ। त्यस यता कोभिड- १९ को असरले सबै कुरा ठप्प भयो । भ्रमण वर्ष पनि प्रभावित हुने नै भयो। योसँगै पर्यटन मन्त्रीको जिम्मेवारी सम्हाल्नुभएका भानुभक्त ढकाल गत माघ १ गते पोखरा आउनुभएको थियो । पोखरा पर्यटन परिषद्ले समसामयिक पर्यटनको बारेमा आयोजना गरेको पत्रकार सम्मेलनमा उहाँले पनि रत्नमन्दिरको बारेमा भन्नुभयो, "पोखरामा रत्नमन्दिरको विषयमा पनि धेरै कुरा उठेको रहेछ, रत्नमन्दिर खुला गर्न, कहाँ गाँठो परेको हो, म फुकाउने प्रयास गर्छु।"

उहाँ मञ्चमा भाषण गरेर गएको पनि एक महिना बढी समय भइसकेको छ, जहाजबाट उडेसँगै उहाँले फेरि रत्नमन्दिर सम्झनुभयो वा भएन अझै पोखरेलीले भेउ पाएका छैनन् । यसैगरी यही फागुन २ गते नेपाल ट्रष्टका अध्यक्षसमेत रहनुभएका उपप्रधानमन्त्री ईश्वर पोखरेलले पनि रत्नमन्दिर र हिमागृहको अवलोकन गर्नुभयो। रत्नमन्दिर सर्वसाधरणका लागि खुला गर्नुपर्छ भनेर निकै पहल गरिरहनुभएका गण्डकी प्रदेशका प्रदेशसभा सदस्य राजीव पहारी र अन्य सरोकारवालाबीच पनि उपप्रधानमन्त्रीले उस्तै आश्वासन दिनुभयो। यसअघि पनि तत्कालीन पर्यटनमन्त्री योगेश भट्टराईलेलगायत उच्च पदस्थ सबैले शानका साथ रत्ममन्दिर घुम्ने र आश्वासन दिने गरेका थुप्रै उदाहरण छन् । तर व्यवहारमा बन्द को बन्द छ रत्नमन्दिर। नेपाल ट्रष्टका उपसचिव रेवतीरमण शर्माले पोखराको फेवा किनारस्थित रत्नमन्दिरको अध्ययनको सम्पूर्ण प्रतिवेदन आइसकेको र परामर्श दाताको प्रस्तुतिपछि यस विषयमा निर्णय गरिने र अहिले अरु कुरा भन्न नसकिने जानकारी दिनुभयो।

फेवा किनारको रमणीय वातावरणमा करीब १११ रोपनी क्षेत्रफलमा फैलिएको रत्नमन्दिरमा तत्कालीन राजा महेन्द्रले पोखरा घुम्न आएको बेला त्यो ठाउँ मन परेर रानी रत्न राज्यलक्ष्मीको नाममा बनाउनुभएको थियो। उक्त भवनमा ११ कोठा छन् । प्रशासनिक भवन, फेवातालसँगै तालघर, नेपाली सेनाका लागि ३८ कोठे लामो भवन रहेको छ। यहाँ राजपरिवारका सदस्य पोखरा आउँदा बस्ने गर्दथे।

बङ्गला शैलीको रत्नमन्दिरमा दक्षिण भारतबाट ल्याइएका बेतका खाटलगायतका सामग्रीसहित कलात्मक किसिमले सजावट गरिएको छ। राजा महेन्द्रका माइला भाइ हिमालय वीरविक्रम शाहले पनि रत्नमन्दिर नजिकै बनाएको हिमागृह त्यहाँ देख्न सकिन्छ । यसका अतिरिक्त बैठक कोठा छुट्टाछुट्टै छन् भने भान्छा पनि अलग्गै छन् । दरबारभित्र रहेका सबै सामग्री सुरक्षित राखिएका छन्। सबै सिसी क्यामेराको निगरानीमा छन् । रत्नमन्दिर परिसरबाट फेवाताल पारी रानीवन र माथि विश्वशान्ति स्तुप सुन्दर दृश्य देख्न सकिन्छ । रत्न मन्दिरमा नेपालका पहिलो जननिर्वाचित प्रधानमन्त्री बिपी कोइराला पुगेको कुरासमेत बिपी कोइरालाले आफ्नो आत्मवृत्तान्तमा उल्लेख गर्नुभएको छ। विसं २०५८ मा राजदरबार हत्या काण्ड हुँदा राजा ज्ञानेन्द्र रत्नमन्दिरमै हुनुहुन्थ्यो । यो भवन हाल नेपाल ट्रष्ट मातहतमा छ । नेपाल ट्रष्ट ऐन २०६४ को संशोधित व्यवस्थामा 'ट्रष्टको सम्पत्ति राष्ट्रियहित अनुकूल तथा ट्रष्टलाई फाइदा हुनेगरी पर्यटकीय र व्यवसायिक कार्यमा सञ्चालन गर्न सकिने' उल्लेख छ।

सो रत्नमन्दिरको ऐतिहासिक महत्व रहेको र यसलाई पर्यटन 'प्रोडक्ट' को रूपमा ल्याएर सर्वसाधारणका लागि खुला गर्नुपर्ने भन्दै पर्यटन व्यवसायीले लामो समयदेखि माग गर्दै आएका छन् । पोखरा पर्यटन परिषद्का अध्यक्ष गोपीबहादुर भट्टराईले रत्नमन्दिरको बारेमा पटकपटक आवाज उठाए पनि सम्बन्धित निकायले चासो नदिएको बताउनुभयो। "हामीले निकै लामो समयदेखि आवाज उठाउँदै आएका छौं, सबै नेता मन्त्री आउनुहुन्छ, अवलोकन गर्नुहुन्छ , आश्वासन दिएर जानुहुन्छ तर कार्यान्वयन हुँदैन", उहाँले भन्नुभयो, "नेपाल ट्रष्टअन्तर्गत रहेका अन्य ठाउँका ऐतिहासिकस्थल सञ्चालनमा आएको तर पोखराको रत्नमन्दिर र हिमागृह सञ्चालनमा देखिएको सुस्तताले हामीमा केन्द्रीकृत मानसिकता नहटेको प्रष्ट हुन्छ ।" उहाँले कोभिड-१९ ले शिथिल बनेका पर्यटनलाई चलायमान बनाउन नयाँनयाँ पर्यटकीय गन्तव्यको खाँचो औंल्याउँदै अहिले रत्नमन्दिर खोल्नु निकै उपयुक्त हुने धारणा राख्नुभयो । "अहिले आन्तरिक पर्यटकको चहलपहल बढिरहेको छ। पोखरा नेपालगञ्ज सिधा उडानले पनि 'कनेक्टिभिटि एक्सेस' बढाएको छ, हामीले जति सक्दो उति पर्यटकीय गतिविधि र गन्तव्यको प्रचार गर्न सक्यौं, त्यति लाभ लिन सकिन्छ", उहाँले भन्नभयो, "रत्नमन्दिर खुला गरेर यसलाई आकर्षक पार्कसँगै तत्कालीन राजाका विभिन्न कुरालाई डकुमेन्ट्रीमार्फत देखाउन सकियो भने इतिहास बुझ्ने अध्ययन थलोको रूपमा यसलाई विकास गर्न सकिन्छ ।" उहाँले पारिवारिक भ्रमणका लागि निकै आकर्षकस्थल हुने जनाउँदै यसले पर्यटकको बसाइँ लम्बाउन सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो।

तत्काल लाभ लिन सकिने यस्ता ठाउँको निर्णयलाई महत्वदिएर अघि बढ्न सरोकारवाला निकायलाई उहाँको आग्रह छ । गण्डकी प्रदेशसभा सदस्य राजीव पहारीले लामो समयदेखि सर्वसाधारणले यसका अवलोकन गर्न पाउनुपर्छ भनेर आफूले पहल गरिरहेको बताउनुभयो । "नेपाल भ्रमण वर्ष २०२० को उद्घाटनबाटै खोल्ने तयारी थियो, केही प्राविधिक कारणले पर सऱ्यो, त्यसलगत्तै कोभिड- १९ असर पऱ्यो, अब भने सर्वसाधारणले रत्नमन्दिर र हिमागृहको अवलोकन गर्न छिट्टै पाउनुहुनेछ भन्ने आशा लागेको छ", उहाँले भन्नुभयो, "ट्रष्टका अध्यक्ष एवं उपप्रधानमन्त्री ईश्वरले पोखरेलले हालै यसको अवलोकन गरेर निकै चासो दिएकाले पनि अब छिट्टै खुल्नेमा आफूहरू आशावादी रहेका छौं ।" उहाँले रत्नमन्दिरमा आकर्षक पार्क बनाउनका लागि आफ्नो संसदीय विकास कोषबाट रु २५ लाख रकम छुट्टाइए पनि रत्नमन्दिर खुला हुन नसक्दा फ्रिज भएको जानकारी दिनुभयो। उहाँका अनुसार हाल रत्नमन्दिर हिमागृह संरक्षणका लागि प्रदेश सरकाराले रु एक करोड बजेट छुट्टाएको छ।

# बाबुको हत्या अभियोगमा छोरा पक्राउ

पोखरापत्र संवाददाता
पोखरा, ११ फागुन

आफ्नै बुबाको हत्या गरेको अभियोगमा जिल्ला प्रहरी कार्यालय कास्कीले छोरालाई पक्राउ गरि मंगलबार सार्वजनिक गरेको छ।

कास्कीको अन्नपूर्ण गाउँपालिका-३ पाउँदुरकोट घर भई पोखरा महानगरपालिका-३२ महकुना बस्दै आएका ५८ वर्षीय बुबा जुमबहादुर कामीको हत्या गरेको अभियोगमा ३४ वर्षीय छोरा रामकृष्ण कामीलाई पक्राउ गरेको हो। घरको झ्याङबाट खसेर मृत्यु भएको सूचनाका आधारमा घटनास्थलमा पुगेको इलाका प्रहरी कार्यालय शिशुवा डाँडाको नाकको प्रहरी टोलीको अनुसन्धानका आधारमा फागुन ९ गते राती बाबु छोराबीच विवाद हुँदा छोराले ढोकामा प्रयोग हुने चारपाटे काठको औलो प्रहारबाट उनको मृत्यु भएको खुलेको हो। निजलाई कर्तव्य ज्यान मुद्दाअन्तर्गत मुद्दा दर्ता गरी कास्की जिल्ला अदातलबाट १० दिनको म्याद थप गरी आवश्यक अनुसन्धान भइरहेको कास्की प्रहरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक सुवास हमालद्वारा जारी विज्ञप्तिमा उल्लेख छ।

# हिमपातको सम्भावना

रासस
काठमाडौं, ११ फागुन

पश्चिमी वायुको आंशिक प्रभावले देशका अधिकांश भू-भागमा आंशिकदेखि सामान्य बदली रही केही स्थानमा हल्का वर्षा र हिमपात हुने भएको छ।

प्रदेश नं १, गण्डकी र सुदूरपश्चिम प्रदेशका पहाडी भूभागका एक दुई स्थानमा हल्का वर्षा तथा उच्च पहाडी तथा हिमाली भूभागमा हल्का हिमपातको सम्भावना रहेको मौसमविद् शान्ति कँडेलले जानकारी दिनुभयो । "उक्त प्रणालीको प्रभाव भोलि (बुधबार) बेलुकासम्म रहने छ। ठूलो पानी पर्ने सम्भावना भने रहेको छैन ", उहाँले भन्नुभयो । हाल देशका केही पहाडी भूभागमा आंशिक बदली रही अन्य भूभागमा मौसम सामान्यतया सफा रहेको छ।

मौसम पूर्वानुमान महाशाखाको पछिल्लो विवरणअनुसार मंगलबार काठमाडौं उपत्यकाको न्यूनतम तापक्रम ७ दशमलव शून्य डिग्री र अधिकतम तापक्रम २४ दशमलव ४ डिग्री सेल्सियस छ। आज सबैभन्दा कम जुम्लाको न्यूनतम तापक्रम १ दशमलव शून्य डिग्री सेल्सियस छ।

# पुरोहितले अब उमेर हेरेर मात्र विवाह गराउने

–लक्ष्मीप्रसाद सापकोटा
पर्वत, ११ फागुन

विवाहमा केटाकेटीको उमेर हेरेर मात्र काम गर्न पर्वतका पुरोहित सहमत भएका छन्। जिल्लामा बालविवाह र बहुविवाह गर्नेको सङ्ख्या दिनदिनै बढ्न थालेकाले प्रहरीसँगको सहकार्यमा पुरोहितहरूले यस्तो प्रतिबद्धता जनाएका हुन्।

बालविवाह र बहुविवाह न्यूनीकरण गर्ने उद्देश्यले जिल्ला प्रहरी कार्यालय पर्वतद्वारा पुरोहितहरूका लागि यहाँ आयोजित एकदिने प्रशिक्षण कार्यक्रममा उहाँहरूले बेहुला र बेहुलीको उमेर २० वर्ष नाघेको छ वा छैन अथवा पहिलो विवाह हो वा दोस्रो वा तेस्रो, त्यो सोधपुछ गरेर मात्र विवाहको काम गर्न सहमत भएको बताउनुभयो । "बालविवाह र बहुविवाह न्यूनीकरणका लागि पुरोहितहरूको भूमिका महत्वपूर्ण हुने भएकाले वरबधुको जन्मदर्ता र नागरिकताको प्रमाण पत्र हेरर मात्र वैवाहिक कार्यक्रम अघि बढाउन उहाँहरूलाई आग्रह गरिएको छ", पर्वतका प्रहरी नायब उपरीक्षक विश्वराज अधिकारीले भन्नुभयो, "पछिल्लो समय धेरै बालविवाह भएको भन्ने व्यापक गुनासो आएकाले पुरोहितहरूलाई पनि उमेर नपुगेका केटाकेटीको विवाह नगराउन आग्रह गरिएको छ।" कानूनले २० वर्ष उमेर नपुगेको विवाहलाई बदर गरेको छ। बालविवाह गर्ने र गराउने व्यक्तिलाई तीन वर्षसम्म कैद र ३० हजार रुपैयाँसम्म जरिवाना हुने कानूनी व्यवस्था छ । त्यसैगरी बहुविवाह गर्ने वा गराउनेलाई एक देखि पाँच वर्षसम्म कैद र रु १० देखि ५० हजारसम्म जरिवानाको व्यवस्था छ । बालविवाहपछि भविष्यमा थुप्रै खालका घरेलु तथा लैङ्गिक हिंसाहरू बढ्दै गएका छन्। पुरोहितहरूले विवाह गराउँदै गर्दा २० वर्ष पार गरेको छ कि छैन निर्क्यौल गर्ने र यदि नपुगेको भए उनीहरूलाई विवाह बन्धनमा नवाधिन सल्लाह दिनुपर्ने प्रमुख जिल्ला अधिकारी शम्भुप्रसाद रेग्मीले बताउनुभयो।

कानूनले बर्जित गरेका कुराहरूलाई समाजका प्रतिष्ठित र बौद्धिक व्यक्तिको रूपमा रहेका पुरोहितहरूले निस्तेज गर्नुपर्ने बताउँदै उहाँले त्यस्तो विवाह गर्दै गरेको जानकारी पाएमा प्रहरीलाई सूचना दिन समेत सबैमा आग्रह गर्नुभयो । "रीतिअनुसार पुरोहितले विधी पुऱ्याएमा मात्र विवाह हुने हो, यसक्रममा धेरैजसो बालविवाह पुरोहितले विधी पुऱ्याउँछन्", उहाँले भन्नुभयो, "तिनै पुरोहितहरूलाई एक ठाउँमा भेला गराएर बालविवाहका विविध विषयमा प्रशिक्षण दिएमा न्यूनीकरणमा केही सघाउ पुग्ने अपेक्षा गरिएको छ।" बालविवाह सम्बन्धी कानूनी व्यवस्थाको बारेमा पुरोहितलाई सचेत गराउने, बालविवाह अन्त्यका लागि आम नागरिकलाई जागरुक गराउने उद्देश्यका साथ प्रशिक्षण दिइएको प्रहरी नायव उपरीक्षक अधिकारीले जानकारी दिनुभयो । बालविवाह हो भन्ने थाहा पाएपछि त्यसलाई रोक्न पहल गर्ने, बालविवाह र बहुविवाह सामाजिक कुरीतिविरुद्ध चेतना अभिवृद्धि गर्न र यस्तो गरेमा परिवार र व्यक्तिलाई हुने नाकारात्मक परिणामको जानकारी दिन पनि पुरोहितहरूलाई उहाँले आग्रह गर्नुभयो । विश्व हिन्दु महासङ्घ पर्वतका सभापति लोकनाथ आचार्यले कतिपय बाध्यात्मक अवस्थामा पुरोहितहरूले काम गर्नुपर्ने भएकाले विवाह रोक्नु ठूलो जोखिम हुने बताउनुभयो। उहाँले सहज परि स्थितिमा बाहेक सबै ठाउँमा सम्भव हुन नसक्ने बताउनुभयो।

सो अवसरमा बालविवाह र बहुविवाहको कानूनी अवस्थाका बारेमा प्रहरी नायब उपरीक्षक विश्वराज अधिकारीले जानकारी गराउनुभयो।

# मुख्यमन्त्रीद्वारा मिदिमखोला सडक पुल शिलान्यास

पोखरापत्र संवाददाता
लमजुङ, ११ फागुन

गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङले मिदिमखोला सडक पुलको मंगलबार शिलान्यास गर्नुभएको छ । गृह जिल्ला लमजुङ आउनुभएका मुख्यमन्त्री गुरुङले आज अपराह्न मध्यनेपाल नगरपालिका वडा नं ८ र ९ जोड्ने मिदिमखोला सडक पुलको शिलान्यास गर्नुभएको हो । पुल २५२ दशमलव शून्य पाँच लम्बाइ र ११ मिटर चौडाइको हुने छ।

सो अवसरमा उहाँले प्रदेश सरकारले २११ मोटरेबल पुल निर्माण गर्न लागेकोमध्ये हालसम्म ३४ निर्माण सम्पन्न भइसकेको र १७७ बाँकी रहेको र ती आगामी तीन वर्षभित्र सम्पन्न गरिसक्ने बताउनुभयो।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : झमेला बढ्ने |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : मन चञ्चल |
| मिथुन | : शारिरीक झमेला | धनु | : सहयोग मिल्नेछ |
| कर्कट | : मानसिक तनाब | मकर | : ब्यापारमा लाभ |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : आर्थिक समस्या | मीन | : सम्मान मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस्।

# शहीद चन्द्र सार्कीको शालिक निर्माण शुरु

**पोखरापत्र संवाददाता**
**तनहुँ, ११ फागुन**

जिल्लाको व्यास नगरपालिका-१ भादगाउँ स्थित आदिकवि भानुभक्त क्याम्पस परिसरमा शहीद चन्द्र सार्कीको शालिक निर्माण शुरु गरिएको छ।

शहीद छात्रावासको प्राङ्गणमा शहीद सार्कीको शालिकको सोमबार गण्डकी प्रदेशसभा सदस्य डोबाटे विकले एक कार्यक्रमका बीच शिलान्यास गर्नुभएको हो।

विसं २००७ माघ १ गते बन्दीपुरको अड्डा कब्जा गर्ने क्रममा सार्कीले सहादत प्राप्त गरेका थिए। नेपाली कांग्रेसको नेतृत्वमा भएको आन्दोलनमा सार्कीसहित छ जनाले सहादत प्राप्त गरेको जानकारी दिनुभयो। सो अवसरमा प्रदेशसभा सदस्य विकले नेपालको प्रजातान्त्रिक आन्दोलनमा शहीद सार्कीजस्ता दलित परिवारको ठूलो योगदान रहेको स्मरण गर्दै देशमा जुनसुकै आन्दोलनमा पनि दलितको अतुलनीय योगदान रहेको चर्चा गर्नुभयो।

उहाँले शहीद सार्कीको स्मरणमा विसं २०५८ मा छात्रावास निर्माण गर्ने निर्णयअनुरुप १७ वर्षपछि भवन निर्माण सम्पन्न गरिएको बताउनुभयो। आन्तरिक मामिला तथा कानून मन्त्रालयसँग छात्रावासको तला थप गर्न बजेट माग गरेको भए पनि वास्ता नगरेकोप्रति उहाँले दुःख व्यक्त गर्नुभयो। कार्यक्रममा गण्डकी प्रदेशसभा सदस्य सरिता गुरुङले शहीदलाई सम्मान गर्नुपर्छ भनेर प्रदेश सरकारसँग बजेट माग गरिए पनि अपेक्षा गरिएअनुरुप बजेट प्राप्त नभएको बताउनुभयो।

प्रदेश सरकारको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको रु पाँच लाख लागतमा शालिक निर्माण गर्न लागिएको छात्रावास प्रमुख कल्पना लम्सालले बताउनुभयो। शहीद चन्द्र नेपाली छात्रावासमा बसेर हाल ३० छात्राले सुविधा लिँदै आएका छन्। छात्रावासले अध्ययनमा सहजता ल्याएकाले तला थप गरेर क्षमता बढाउन आवश्यक देखिएको उहाँले जानकारी दिनुभयो।

बजेट अभावका कारण काम अघि बढाउन नसकिएको छात्रावास व्यवस्थापन समितिका अध्यक्ष केशबहादुर सुनारले बताउनुभयो। छात्रवासमा बसेर अध्ययन गर्नका लागि गरिब तथा विपन्न परिवारले चासो देखाए पनि भौतिक संरचना थप गर्न नसकिएकाले चाहेर पनि सुविधा प्रदान गर्न कठिनाइ भएको उहाँको भनाइ थियो। व्यास-१ स्थित निर्मल माध्यामिक विद्यालयले प्रदान गरेको दुई रोपनी चार आना जग्गामा शहीद छात्रावास निर्माण गरिएको हो।

# विपद्को विवरण एकै ठाउँबाट

**पोखरापत्र संवाददाता**
**तनहुँ, ११ फागुन**

ब्यास नगरपालिकामा विपद् पोर्टल शुभारम्भ गरिएको छ। सङ्घ, प्रदेश र स्थानीय तहमा विपद् सम्बन्धी सूचना एकीकृत रूपमा आदानप्रदान गर्ने उद्देश्यसहित ब्यास नगरपालिकामा विपद् पोर्टल शुभारम्भ गरिएको हो।

नेपाल सरकारले राष्ट्रिय एकीकृत विपद् सूचना व्यवस्थापन प्रणाली अन्तर्गत विपद् सूचना पोर्टलको विकास गरेको छ। सोही बमोजिम नगरपालिकाले एकीकृत विपद् सूचनाको व्यवस्थापन गर्ने उद्देश्यले आजदेखि उक्त पोर्टलको शुभारम्भ गरेको जनाएको छ।

यस पोर्टलमार्फत विपद्को तयारी, प्रतिक्रिया, सतर्क, जोखिम सम्बन्धी जानकारी साथै क्षमता र संशोधनका विभिन्न तथ्याङ्क र सूचना लिन सहज हुने ब्यास नगरपालिकाका विपद् व्यवस्थापन शाखा प्रमुख इन्जिनीयर रवीन्द्रलाल मूलले जानकारी दिनुभयो।

उक्त पोर्टलमा देखिए अनुसार विगत दश वर्षमा ब्यास नगरपालिकामा १९ घटना र ८ व्यक्तिको मृत्यु भएको छ। सन् २०२०/२०२१ फेब्रअरीबीच सात घटना भएकामा पाँच व्यक्तिको मृत्यु भएको छ। पोर्टलमा खासगरी आगलागी, चट्याङ, पहिरो आदिका घटना धेरै भएको देखिएको नगरपालिकाले जनाएको छ। विपद् पोर्टलमा नेपाल सरकारका विभिन्न निकाय, विपद्मा कार्य गरिरहेका सङ्घ संस्थाबाट तयार गरिएका सूचना तथा तथ्याङ्क रहेको हुँदा यसको सहयोगले नगरपालिकाको रणनीति योजना बनाउन सहज हुने ब्यास नगरपालिकाका प्रमुख बैकुण्ठ न्यौपानेले बताउनुभयो। नगरपालिकाले आवधिक रूपमा तथ्याङ्क प्रविष्ट गरी विपद् पोर्टलमा रहेको सूचना र तथ्याङ्कलाई थप अद्यावधिक गर्ने नगरप्रमुख न्यौपानेले प्रतिबद्धता व्यक्त गर्नुभयो। पोर्टलमा शिक्षा, स्वास्थ्य, वित्तीय संस्था, उद्योग, पर्यटन, सांस्कृतिक धरोहरलगायत नगरपालिकामा रहेका विभिन्न पूर्वाधारको सूचना सङ्कलन भइसकेको हुँदा भविष्यमा हुने कुनै पनि विपद्का घटनालाई प्रतिक्रिया गर्न सहयोग पुग्ने युथ इनोभेसन ल्याबका कार्यकारी निर्देशक प्रदीप खतिवडाले जानकारी दिनुभयो। यसमा रहेका सूचना तथा तथ्याङ्कलाई आधार लिई नगरपालिकाले आफ्नो तयारी गर्न सक्ने र भविष्यमा हुनसक्ने जोखिमलाई पहिचान गरी दीर्घकालीन योजना बनाउने सक्ने उहाँले बताउनुभयो।

विपद् पोर्टलको स्थानीयकरण युथ इनोभेसन ल्याबको प्राविधिक सहयोग र युएसएआइडिको आर्थिक सहयोगमा ब्यास नगरपालिकालगायत १३ अन्य पालिकामा काम भइरहेको छ। स्थानीयकरण कार्य अन्तर्गत ल्याबले प्राविधिक इन्जिनीयरलाई पाँच महिना ब्यास नगरपालिकामा खटाएको थियो। विपद् पोर्टलले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको लागि चाहिने पूर्वतयारी, पूर्व चेतावनी र प्रतिकार्यमा सुदृढ पार्ने क्षमता राख्नुका साथै यसले विपद् जोखिमको सञ्चार र विपद् पछिको घटनामा समन्वय गर्न र तथ्यमा आधारित रहेर विपद् जोखिम न्यूनीकरणसँग सम्बन्धित योजना तर्जुमा गर्न र स्थानीयस्तरमा सूचीत निर्णय लिन र नीति बनाउनसमेत मद्दत पुऱ्याउने बताइएको छ।

विपद् पोर्टलले जलविज्ञान र मौसमसम्बन्धी जोखिम जस्तैः भारी वर्षा र बाढी, वातावरणीय जोखिम जलवायु प्रदूषण र भूकम्प जस्ता भूवर्गीय जोखिमको सूचना दिनुका साथै चेतावनी वा खतरा सीमा पार गर्दा विपद् पोर्टलमा चेतावनी सूचना प्रदर्शीत हुने बताइएको छ।

विपद् पोर्टलमा सन् २०११ देखिको क्षति र नोक्सान सम्बन्धी जानकारी समावेश गरिएको छ। यी तथ्याङ्क स्थानीय सरकारको लागि आपतकालपछि पुनःप्राप्ति, पुनःस्थापना र पुनःनिर्माणको लागि योजना बनाउन उपयोगी हुने नगरपालिकाले जनाएको छ।

विपद् पोर्टलमार्फत् नगरपालिकाले वर्षा र नदीको जलस्तर अनुगमन, भूकम्प, वायु प्रदूषण र डढेलोको रियलटाइम तथ्याङ्क अवलोकन गर्न सक्दछ। जुन प्रारम्भिक तयारी कार्यको लागि सहयोगी हुने विश्वास गरिएको छ।

विपद् पोर्टलमार्फत नगरपालिकाले प्रकोप सम्बन्धित कागजात, स्थानीय, वार्ड र समुदायस्तरमा प्रकोप व्यवस्थापन समितिका सदस्यको सम्पर्क जानकारी, स्थानीय सरकारले प्रकोप जोखिम न्यूनीकरण र व्यवस्थापन परियोजनासम्बन्धी डाटा र जानकारी एकीकृत गर्न सक्नेछन्।

# सामाजिक सञ्जाल उपयोगसम्बन्धी नीति, २०७७ कार्यान्वयन

**–नारायण न्यौपाने**
**काठमाडौं, ११ फागुन**

निर्वाचन आयोगले निर्वाचन व्यवस्थापनमा सामाजिक सञ्जालको उपयोगसम्बन्धी नीति, २०७७ स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ।

निर्वाचनका सबै प्रक्रिया र चरणमा सामाजिक सञ्जालको उपयोगसम्बन्धी एकीकृत एवम् उपयुक्त नीतिगत व्यवस्था कायम गर्ने उद्देश्यले आयोगले नयाँ नीति कार्यान्वयनमा ल्याएको हो।

निर्वाचन व्यवस्थापनमा सूचना प्रवाहको विधि र प्रक्रियालाई सामाजिक सञ्जालको विशेषताअनुरूप हुने गरी रूपान्तरण गर्ने, सूचना प्रविधिको उपयोगमा सामाजिक सञ्जालले सिर्जना गरेका अवसर र सम्भावनाको उपयोग गर्दै निर्वाचनमा आउन सक्ने चुनौतीको व्यवस्थापन गर्न योगदान पुग्ने आयोगका प्रवक्ता राजकुमार श्रेष्ठले जानकारी दिनुभयो।

समाजका सबै वर्ग, लिङ्ग, समुदाय र उमेर समूहका मानिसमा सामाजिक सञ्जालप्रतिको आकर्षण बढ्दै गएको परिप्रेक्षमा एकातर्फ सामाजिक सञ्जालको उपयोग गरी निर्वाचन तथा मतदाता शिक्षा सामग्री, निर्वाचन आयोगका गतिविधि, निर्वाचनका सबै चरण र प्रक्रियाका निर्वाचनसम्बन्धी सूचनाहरू छिटोछरितो, मितव्ययी एवम् प्रभावकारी तवरबाट सम्प्रेषण गर्न सकिने अवसर सिर्जना भएको आयोगको दाबी छ।

सूचना प्रविधि एवम् सामाजिक सञ्जालको क्षेत्रमा कार्यरत निर्वाचनका सरोकारवालासँग समन्वय र सहकार्य गर्दै आगामी दिनमा निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय र मितव्ययी बनाउन नीति सहयोगी हुने आयोगले अपेक्षा गरेको छ। नीति कार्यान्वयनमा आएसँगै आयोगका सबै गतिविधि र क्रियाकलापहरू सामाजिक सञ्जालका माध्यमबाट लक्षित वर्ग तथा अन्य सरोकारवालालाई सहज र छिटोछरितोरूपमा प्रवाह गरी पारदर्शी बनाउने, सामाजिक सञ्जालका माध्यमबाट निर्वाचन तथा मतदाता शिक्षामा सरोकारवालाको पहुँचलाई सहज र मितव्ययी बनाई समन्वय र सहकार्य वृद्धि गर्दै दोहोरो सञ्चार स्थापित गर्ने, युवा, महिला, समावेशी समूह, अपाङ्गता भएका व्यक्ति लक्षित निर्वाचन तथा मतदाता शिक्षा सामग्रीको उपलब्धता हुनेछ।

प्रचारप्रसार एवम् पहुँच वृद्धि गर्ने, सामाजिक सञ्जालमा सम्प्रेषित मिथ्या सूचना, दुष्प्रचार, सूचना तोडमोड र द्वेषपूर्ण अभिव्यक्तिको नियमन, तत्काल व्यवस्थापन तथा सूचनाका स्रोतको आधिकारिकता यकिन गर्न योगदान पुग्ने विश्वास गरिएको छ। सक्षम जनशक्ति र संस्थागत प्रणालीको विकास गर्ने, निर्वाचनका सबै चरणमा राजनीतिक दल, सञ्चारमाध्यम तथा निर्वाचनका सरोकारवालाले सामाजिक सञ्जालमा सम्प्रेषण गर्ने निर्वाचनसम्बन्धी सूचना, जानकारी तथा विषयहरूको अनुगमन गर्ने जस्ता कार्यमा नीति कार्यान्वयनबाट सहज हुनेछ।

सामाजिक सञ्जालका मञ्चको प्रयोग गरी मिथ्या सूचना, दुष्प्रचार, सूचना तोडमोड एवम् द्वेषपूर्ण अभिव्यक्ति जस्ता क्रियाकलापमार्फत निर्वाचनलाई नकारात्मकरूपमा प्रभाव पार्ने एवम् निर्वाचनको समयमा सामाजिक सञ्जालको माध्यमबाट बाह्य हस्तक्षेप हुन सक्ने जोखिमको विगतमा महसुस गरी नीति कार्यान्वयनमा ल्याइएको हो। सामाजिक सञ्जालबाट सिर्जित उल्लिखित अवसरको सदुपयोग गर्ने एवम् सामाजिक सञ्जालको प्रयोगबाट उत्पन्न हुनसक्ने जोखिम न्यूनीकरण गर्ने प्रयासस्वरुप नीति तर्जुमा गरिएको जानकारी दिइएको छ। उक्त नीति तर्जुमा गर्दा संवैधानिक एवम् कानूनी व्यवस्था, पन्ध्रौं पञ्चवर्षीय योजना, आयोगको तेस्रो पञ्चवर्षीय रणनीतिक योजना एवम् विगतका अभ्यासबाट प्राप्त सिकाइ तथा उपलब्धिलाई आधार मानिएको आयोगले स्पष्ट गरेको छ। नीतिको दूरदृष्टि 'व्यवस्थित, मर्यादित एवम् विश्वसनीय सामाजिक सञ्जाल' छ भने ' निर्वाचनको स्वच्छताका लागि सामाजिक सञ्जालको व्यवस्थित उपयोग गर्ने" ध्येय रहेको छ।

'स्वच्छ, स्वतन्त्र र निष्पक्ष निर्वाचनका लागि सामाजिक सञ्जालको उपयोगलाई सुरक्षित, व्यवस्थित, विश्वसनीय, मर्यादित र पहुँचयोग्य बनाउने' लक्ष्य रहेको उक्त नीतिको उद्देश्य निर्वाचनसम्बन्धी सूचना भरपर्दो, मितव्ययी, गुणस्तरीय र पहुँचयोग्य बनाई सामाजिक सञ्जालको उपयोग र नियमनलाई प्रभावकारी बनाउने हो।

आयोगका सूचना, गतिविधि तथा निर्वाचन शिक्षा सामग्री सामाजिक सञ्जालमार्फत आमनागरिकसमक्ष पुऱ्याई सहज पहुँच र निर्वाचनको विश्वसनीयता अभिवृद्धिका लागि सामाजिक सञ्जालको उपयोगमा बहुपक्षीय समन्वय र सहकार्यका लागि सहयोग पुग्नेछ।

नीतिमा ६ वटा रणनीति र रणनीतिअन्तर्गत ३० वटा कार्यनीति तय गरिएको छ। नीति कार्यान्वयनका लागि निर्देशक समिति र कार्यान्वयन समिति जस्ता संस्थागत व्यवस्था गरी समितिका काम, कर्तव्य र अधिकारसमेत परिभाषित गरिएको छ।

# उद्गम टोल विकास संस्थाको ५ औं वार्षिक साधारण सभा

**पोखरापत्र संवाददाता**
**पोखरा, ११ फागुन**

पोखरा महानगरपालिका वडा नं १३ स्थित उद्गम टोल विकास संस्थाको ५ औं वार्षिक साधारण सभा मंगलवार सम्पन्न भयो।

वडा नं १३ का वडा अध्यक्ष दर्शन लामाले सभाको उद्घाटन गर्दै सामाजिक कार्यमा सदैव सहयोग गर्ने भने। सोही दिन अध्यक्ष लामाले विश्वेश्वर शिवालय मन्दिरको उद्घाटन गरे।

उद्गम टोल विकास संस्थाका अध्यक्ष विष्णुदेवी आचार्यको अध्यक्षतामा भएको कार्यक्रममा संस्थाका संस्थापक अध्यक्ष वेदनाथ वराल, सल्लाहकार काशिनाथ अधिकारी, तीन अम्चुरे टोल विकास संस्थाका अध्यक्ष बलवहादुर वराल, उद्गम टोल आमा समुहकी सचिव सविना खनाल, कामना टोल विकास संस्थाका अध्यक्ष कृष्णराज गौतम, कैलाश टोल विकास संस्था अध्यक्ष टिकाराम शर्मा लगायत वोलेको कार्यक्रममा उद्गम टोल विकास संस्थाका उपाध्यक्ष शान्ता श्रेष्ठले स्वागत र पूर्वसचिव प्रदिप भुजेलले कार्यक्रम संचालन गरेका थिए।

सोही कार्यक्रममा जमदा चित्रवहादुर गुरुङलाइ सम्मान गरिएको थियो।

# स्याङ्जा-पाल्पा जोड्ने मोटरेबल पुल शिलान्यास

**पोखरापत्र संवाददाता**
**स्याङ्जा, ११ फागुन**

कृषि तथा पशुपन्छी विकासमन्त्री पद्माकुमारी अर्यालले स्याङ्जा र पाल्पा जोड्ने मोटरेबल पुलको सोमबार शिलान्यास गरेकी छन्। सो पुलले स्याङ्जाको कालीगण्डकी र पाल्पाको बगनासकाली गाउँपालिका दपुर्क जोड्ने छ।

विसं २०७७ भदौ १ गते सम्झौता गरिएको मोटरेबल पुल सम्झौताको ३३ महिनामा सक्नु पर्ने समयसीमा छ। गौरी पार्वती न्यु टेक्निकल जेभी कुपन्डोलले निर्माणको जिम्मा लिएको पुल पिएस र भ्याटसहित रु १५ करोड ३९ लाख २८ हजार ६७९ र पैसा ५० मा सम्झौता भएको हो। १.७५ मिटर दायाँबायाँ फुटपाथ रहने पुल ११ मिटरको चौडाइको हुने छ। एक सय २० मिटर लम्बाइको पुल दुई स्पान रहने सडक डिभिजन कार्यालयका प्रमुख भीमार्जुन कँडेलले जानकारी दिनुभयो। ओपन फाउण्डेशनमा बन्ने पुल योजना पश्चिम क्षेत्र सेक्टर नं ४ पाल्पाले हेर्नेछ।

सो अवसरमा मन्त्री अर्यालले मुलुकका हरेक पालिकामा बृहत् खानेपानी योजना शुरु भएको र यही सरकारका कार्यकालमा देशका ३९६ स्वास्थ्य केन्द्र शिलान्यास भएकामा तीमध्ये केही सकिएको र केही निर्माणाधीन रहेको बताइन।

# क्षयरोगका बिरामी खोज्दै

**रासस**
**चितवन ११ फागुन**

नेपाल क्षयरोग निवारण संस्था नारायणगढले समुदायमा रहेका क्षयरोगका बिरामीलाई परीक्षण, उपचार र जनचेतनामूलक कार्यक्रम गर्दै आइरहेको छ। विसं २०३६ बाट निरन्तररूपमा सो संस्थाले अभियान चलाउँदै आएको छ।

भरतपुर महानगरपालिका-१ लीलाचोकमा कार्यालय रहेको सो संस्थाले गत वर्ष ९९१ जनाको खकार परीक्षण गरी ४५ क्षयरोगका बिरामीको उपचार गरिरहेको छ। कार्यक्रम अधिकृत अर्जुन त्रिपाठीका अनुसार संस्थाले चालु आर्थिक वर्षको हालसम्म १४४ जनाको परीक्षण गरेको छ। तीमध्ये आठ क्षयरोगका बिरामी भेटिएका छन्। संस्थाका सभापति दामोदर न्यौपानेका अनुसार यस वर्ष विभिन्न आठवटा जनचेतनामूलक कार्यक्रम गरिएको छ। गत वर्ष १० वटा कार्यक्रम गरिएको थियो। विभिन्न सङ्घसंस्था, सरोकारवाला, बिरामी, समुदायका मानिस, स्वास्थ्य आमा समूहलगायत लक्षित वर्गसम्म पुगेर रोगका बारेमा जानकारीसँगै जनचेतना फैलाउने काम भइरहेको छ। संस्थामा हाल २९ क्षयरोगका बिरामी उपचाररत छन्। ती बिरामीमध्ये सात जनालाई मल्ट्री ड्रग रेसिस्टेन्ट अर्थात् महङ्गो खालको औषधि खुवाएर उपचार गरिँदैछ। छ महिना औषधि खाँदा निको नभएका जटिल बिरामीलाई यो औषधि खुवाउने गरिन्छ। न्यौपानेका अनुसार ती बिरामीलाई एक जनाको उपचारमा रु आठ लाख हाराहारी खर्च हुने गर्दछ। उनीहरुका लागि सरकारले औषधि, पोषण र परीक्षण खर्च उपलब्ध गराउँछ। त्यसको सहजीकरण संस्थाले गर्दै आएको न्यौपानेले जानकारी दिनुभयो। उनीहरुलाई नौदेखि १८ महिना औषधि खुवाउनुपर्ने हुन्छ। सामान्य अवस्थाका बिरामीका लागि करिब रु छ हजार खर्च हुने गर्दछ। उनीहरुलाई छ महिनासम्म नियमित औषधि खुवाउनुपर्ने हुन्छ। क्षयरोग दुई प्रकारका हुने गर्दछन्। एउटा फोक्सोमा लाग्ने गर्दछ भने अर्को अन्य अङ्गमा लाग्ने गर्दछ। फोक्सोमा लागेको क्षयरोग श्वासप्रश्वासबाट सर्ने गर्दछ। अन्य अङ्गमा लागेका क्षयरोग सर्दैन। सङ्घले क्षयरोगका बिरामीको एचआइभी एड्स परीक्षण र एचआइभीका बिरामीको क्षयरोग परीक्षणसमेत गर्ने गर्दछ। न्यौपानेले भन्नुभयो, "सामाजिक व्यक्तिहरुको सहयोगका कारण समुदायमा बिरामी खोजेर उपचार गर्ने यो अभियानले निरन्तरता पाएको छ।" उहाँको भनाइमा नेपालमा विसं २०१० मा स्थापना भएको यस संस्थाअन्तर्गतका शाखामा सामाजिक व्यक्ति रहेर समुदायमा सेवा गर्दै आएका छन्। यस संस्थाले विद्यालयमा जुनियर नाटा नामक समिति गठन गरी जनचेतनामूलक कार्यसमेत गर्ने गरेको छ।

सो संस्था सञ्चालनका लागि रु ४७ लाख ५० हजारको अक्षयकोष खडा गरिएको छ। संस्थाले विगत १० वर्षदेखि एम्बुलेन्स सञ्चालन गर्दै आएको छ। यससँगै हालै मात्र नयाँ एम्बुलेन्स खरिदका लागि संस्थाका पूर्वसभापति भीमराज पाठकले रु १५ लाख संस्थालाई उपलब्ध गराउनुभएको छ। स्वास्थ्य कार्यालय चितवनका प्रमुख दीपक तिवारी सरकारले गर्नुपर्ने काम यस संस्थाले गर्दै आएको बताउनुहुन्छ। जनचेतनामार्फत शङ्कास्पदलाई परीक्षणको दायरामा ल्याउने, नियमित औषधि खुवाउनेलगायतका काम संस्थाले गरिरहेको उहाँको भनाइ छ। कोरोना सङ्क्रमण शुरु भएलगत्तै औषधि प्रयोग गरिरहेकाहरुलाई सङ्गठित बनाएर अनुभव आदानप्रदान र उपचारमा सहयोग गरेर नमूना काम गरेको उहाँले जानकारी दिनुभयो।

# तीन वनमा लागेको आगो १८ घण्टापछि नियन्त्रणमा

**रासस**
**बागलुङ ११ फागुन**

बागलुङको गलकोटका तीनवटा सामुदायिक वनमा लागेको आगो झण्डै १८ घण्टापछि नियन्त्रणमा आएको छ। सोमबार दिउँसोदेखि गलकोट नगरपालिका-५ र ७ का सामुदायिक वनमा लागेको आगो स्थानीयवासी र प्रहरीको सक्रियतामा मंगलबार बिहान नियन्त्रणमा आएको हो।

वन पैदावार र बस्तीसमेत जोखिममा परेपछि सामुदायिक वनका उपभोक्ताहरू रातभर आगो नियन्त्रणका लागि खटिएको ठूलाचौर महिला सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष थुमकुमारी थापाले जानकारी दिनुभयो। आगलागीका कारण गलकोट नगरपालिका-५ को दानसिङडाँडा सामुदायिक वन, गगनपानी सामुदायिक वन र वडा नं ७ को ठूलाचौर सामुदायिक वनमा करोडौँ रुपैयाँको क्षति भएको उहाँले बताउनुभयो। भैंसे दानसिङडाँडा सामुदायिक वन गलकोट नगरपालिका-५ देखि शुरु भएको आगो गगनपानी सामुदायिक वन हुँदै छिमेकी वडाको ठूलाचौर सामुदायिक वनसम्म फैलिएको थियो।

राति स्थानीयवासीले अग्नि रेखा निर्माण गरी बिहान आगो नियन्त्रण गरिएको गलकोट नगरपालिका-७ का वडाध्यक्ष सुवेदार टीकाबहादुर थापाले जानकारी दिनुभयो। ठूलाचौर सामुदायिक वनको मल्म खोलापारिदेखि मान्दारादानसिङ जोड्ने गोरेटो बाटो सफा गरी स्थानीयवासीले अग्नि रेखा निर्माण गरेका थिए। करीब २०० मानिसले लाइनमा बसी स्याउला, बाल्टीमा पानी बोकेर आगो निभाउन सफल भएको ठूलाचौर सामुदायिक वन उपभोक्ता समितिका सचिव सुनिता साहानी थापाले बताउनुभयो। मोबाइल र टर्च लाइटको सहारामा आगो निभाउन सफल भएको समाजसेवी बाबुराम थापाले बताउनुभयो।

जङ्गल नजीकै रहेको बस्ती खोलापारि, साहानीडाँडा, नरौदी र मान्दारा आगोको उच्च जोखिममा रहेका थिए। आगो झण्डै १७/१८ घण्टापछि नियन्त्रमा आएको हो। आगलागीका कारण दानसिङडाँडा सामुदायिक वनको झण्डै ४० हेक्टर क्षेत्रफल, गगनपानी सामुदायिक वनको पाँच हेक्टर र ठूलाचौर सामुदायिक वनको ८० हेक्टर जङ्गल जलेको छ। वन क्षेत्रमा आगलागी हुँदा वनमा रहेका जीवजन्तु, चराचुरुङ्गी र रूखबिरुवा जलेर नष्ट भएका छन्।

आगलागीले तीनवटा सामुदायिक वनमा करोडौं मूल्यको क्षति भएको छ। आगो निभाउन इलाका प्रहरी कार्यालय गलकोट, गलकोट नगरपालिका-५ हरिचौर, टेउवा, दानसिङडाँडा, मान्दारा, सर्दाखेतका स्थानीयवासी रातभर खटिएका थिए।